# कर्तव्य कथाका पात्रमा साङ्ख्य दर्शनका त्रिगुणको प्रभाव

**केशवराज पोखरेल**

सहप्रा. नेपाली शिक्षा

त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर

krpokharel@hotmail.com

**लेखसार**

*प्रस्तुत आलेखमा गुरूप्रसाद मैनालीरचित कर्तव्य कथाका प्रमुख पात्रका चारित्रिक क्रियाकलापलाई साङ्ख्यदर्शनद्वारा प्रस्तावित त्रिगुणसम्बन्धी सैद्धान्तिक पर्याधार निर्माण गरी समस्याअनुरूप खोजिएका साक्ष्यका आधारमा विश्लेषण गरिएको छ। यस विश्लेषणबाट मुरलीधरको चरित्रमा जिउनी खेतको विषयमा गरिएको मुद्दामामिलाका घटनाका साथै सनातन धर्मसंस्कृतिप्रतिको अनुराग, कर्तव्यबोध र जिम्मेवारीको पालनबाट रजोगुण तिरोहित भई सत्त्वगुण उद्रेक भएको देखिन्छ भने श्रीधरका चारित्रिक क्रियाकलापमा सनातन धर्मसंस्कृतिप्रति अनास्था, सत्ता र शक्तिको उन्मादका घटनामा तमोगुण, छोराको वैवाहिक कार्यक्रममा दाजुभाउजूलाई उपेक्षा गरेका घटनामा रजोगुण एवम्  नबोलाउँदा नबोलाउँदै पनि दाजु छोराको बिहेमा गएर कुलपरम्पराको रीतिरिवाज पालना गरेका घटनाबाट कृतकार्यप्रति पछुतो मान्दै क्षमायाचना गरेका सन्दर्भमा सत्त्वगुणको मात्रा अधिक देखिन्छ। विनानिम्ता वैवाहिक कार्यमा जान नहुने कमलाको प्रस्तुतिमा आक्रोश र प्रतिशोधको भाव झल्किएको हुँदा यसबाट उनको चारित्रिक कार्यकलापमा रजोगुणको मात्रा रहेको छ। पौरस्त्य दर्शनको यही त्रिगुणवादी मान्यतामा आधारित भई  प्रमुख पात्रका चारित्रिक कार्यकलापको तुलनात्मक अध्ययन गर्दा भाइ भए भरोस गाई भए गोरसको उखान चरितार्थ भएकाले तम र रजोगुणको गोपन भई सत्त्वगुणको मात्रा अधिक रहेकाले प्रस्तुत कथालाई आदर्शवादी मान्ने आधार पुष्टि हुने देखिन्छ।*

**मुख्य शब्द :** प्रकृति, पुरुष, सत्त्व, रज, तमगुण

## १. विषयप्रवेश

'कर्तव्य' कथाका कथाकार गुरूप्रसाद मैनाली (जीवनकाल : वि. सं. १९५७–२०२८) हुन। उनले सर्वप्रथम लेखेको र छपाएको कथा 'नासो' हो। यो कथा उनले वि.सं. १९८४ मा लेखी *शारदा* (१९९२, जेठ) पत्रिकामा छापिएपछि नै नेपाली कथासाहित्यमा आधुनिक काल प्रारम्भ भएको मानिन्छ। उनले लेखेका कथाहरू *नासो* (वि.सं. २०२०) कथासङ्ग्रहमा सङ्कलित छन्। उक्त सङ्ग्रहमा नै 'कर्तव्य' कथा पनि सङ्गृहीत छ। 'भाइ भए भरोस गाई भए गोरस' भन्ने उखानलाई चारितार्थ बनाउने प्रस्तुत कथा उत्कृष्ट पारिवारिक सामाजिक कथा ठहरिन्छ।

कथा विधाको अध्ययन दर्शनशास्त्रका आधारमा पनि गर्न सकिन्छ। कुनै पनि वस्तुको पहिचान, उत्पत्ति र उत्पत्तिको कारण, अवसान र अवसानको कारण, सृष्टिप्रक्रिया, जीवनको परम लक्ष्य, बालबार्धक्य जीवनका विकासको अवस्था, व्यक्ति र

समाजको सम्बन्धजस्ता विषयमा उठेका समस्याको तर्कवितर्क गरी युक्तिपूर्वक सत्यता खोज्ने प्रयास नै दर्शन हो। विश्वब्रह्माण्डको पूर्वी भूभागमा विकसित दर्शनलाई पूर्वीय दर्शन भनिन्छ। पूर्वीय षड्दर्शन मध्येको सांख्यदर्शनले प्रकृति र पुरुषका भिन्नताको ज्ञानबाट विभिन्न प्रकारका दुःखबाट मोक्ष प्राप्त हुने बताएको छ। यसमा त्रिगुणात्मिका प्रकृतिको स्वरूप औंल्याउँदा सत्त्वगुण, रजोगुण र तमोगुणको पचिय दिई तिनका विशेषता पनि उल्लेख गरिएको छ।

मैनाली माध्यमिक कालीन नेपाली कथालेखनको ढाँचामा परिवर्तन ल्याई वस्तुविधान र रूपविन्यासमा नवीनता ल्याउने आदर्शोन्मुख यथार्थवादी कथाकार हुन्। उनका कथाहरूमा पूर्वीय दर्शनका संस्पर्शहरू भेटिने हुँदा साङ्ख्य दर्शनको प्रभाव पनि रहेकै छ। तसर्थ चयनीय कथाका पात्र (मुरलीधर, श्रीधर र कमला) का चारित्रिक कार्यव्यापार र उनीहरूद्वारा घटाइएका घटनामा केन्द्रित भई साङ्ख्य दर्शनमा प्रतिपादित त्रिगुण चिन्तनका आधारमा पनि कथाको विश्लेषण गर्न सकिन्छ। यस अध्ययनमा मैनालीको *कर्तव्य* कथाका प्रमुख पात्रका कार्यकलापलाई साङ्ख्य दर्शनका सत्त्व, रज र तम गुणका आधारमा विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयासले यो समस्या छनोट गरिएको हो।

## २. समस्याकथन र उद्देश्यनिर्धारण

साहित्यिक रचनाको दर्शनशास्त्रीय आधारमा कृतिविश्लेषण गर्ने ढाँचा अनेक छन्। तीमध्ये साङ्ख्य दर्शनद्वारा प्रस्तावित सत्त्व, रज र तम गुण पनि हो। यसै मान्यताका आधारमा *कर्तव्य* कथाका पात्रका कार्यव्यवहारको खोजी गर्नु यस अध्ययनको प्रमुख समस्या हो। उक्त समस्याको प्राज्ञिक समाधान पहिल्याउने उद्देश्य यस आलेखमा राखिएको छ।

## ३. अध्ययनको औचित्य

*कर्तव्य* कथाका पात्रका कार्यख्यापारको दर्शनशास्त्रीय अध्ययन अहिलेसम्म भएको छैन। उक्त कथा शोध्य भएकाले अध्ययनका लागि उपयोगी पनि छ। साङ्ख्य दर्शनद्वारा प्रस्तावित सत्त्व, रज र तम गुणका आधारमा *कर्तव्य* कथाको विश्लेषण गरी निष्कर्षमा पुग्नु आफैमा महत्त्वपूर्ण कार्य हो। यस कार्यबाट प्राप्त हुने ज्ञान सम्बद्ध विषयका जिज्ञासु, शोधार्थी एवम् पठनपाठनमा संलग्न सबै व्यक्तिका लागि उपयोगी हुने भएकाले प्रस्तुत अध्ययनको औचित्य स्वतः पुष्टि हुन्छ।

## ४. शोधविधि

### ४.१ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनसँग सम्बद्ध प्राथमिक स्रोतका सामग्रीको सङ्कलन *कर्तव्य* कथाबाट र विश्लेषणका लागि आवश्यक सैद्धान्तिक सामग्री मूलतः साङ्ख्यदर्शनका सत्त्वगुण, रजोगुण र तमोगुणबारे चर्चा गरिएका संस्कृत, हिन्दी र नेपाली स्रोतका सैद्धान्तिक /प्रायोगिक अध्ययन /अनुसन्धान र स्वतन्त्र लेखबाट गरिएको छ।

### ४.२ सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययनमा उठाइएका समस्याको प्राज्ञिक समाधानका लागि साङ्ख्य दर्शनद्वारा प्रस्तावित सत्त्व, रज र तम गुणका आधारमा कृतिविश्लेषण गर्ने ढाँचा अगाडि सारिएको छ। प्रकृति, ईश्वर, ज्ञान, विज्ञान, वस्तु, जीवनचेतना आदिलाई आध्यात्मिक र भौतिक दृष्टिकोणले चिन्तन गर्ने विद्या दर्शन हो (उप्रेती, २०७५, पृ. ५९९)। पूर्वीय र पाश्चात्य परम्परामा दर्शनको उत्पत्ति र विकासका कारणबारे मतभिन्नता रहेको छ। पौरस्त्य दर्शन भन्नाले अरवी, फारसीलगायत भारतवर्षीय दर्शन भन्ने बुझिन्छ। युरोप र अमेरिका एवम् तिनको प्रभावक्षेत्रमा विकसित दर्शनलाई पाश्चात्य दर्शन भनिन्छ (आचार्य, २०७३, पृ. १५)। पूर्वीय दर्शनको प्राज्ञिक स्रोत वेद र वेदका बारेमा गरिएका टीकाटिप्पणी र समालोचना हुन्। साङ्ख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन वेदलाई प्रमाण मान्ने, ईश्वरको अस्तित्वमा विश्वास गर्ने र परलोकप्रति विश्वास गर्ने भएकाले यी आस्तिक

दर्शन हुन् भने चार्वाक, बौद्ध र जैन वेदको प्रामाणिकतामा विश्वास नगर्ने भएकाले यिनलाई नास्तिक दर्शन पनि भनिन्छ (गिरि, २०५५, पृ. १५)।

साङ्ख्य दर्शन जड प्रकृति र चेतन पुरुषलाई सृष्टिको मुख्य कारण मान्ने आस्तिक दर्शन हो। यस दर्शनका आदिपुरुष ई. पू. चौथो शताब्दी अघिका आचार्य कपिल हुन्। उनले साङ्ख्य दर्शनबारे साङ्ख्यसूत्र लेखेको बताइन्छ। यो दर्शन कपिल, आसुरी, पञ्चशिख, बोढु, ईश्वरकृष्णको गुरुशिष्यपरम्परमा हुर्केको हो। पछिल्लो समयमा ईश्वरकृष्णरचित साङ्ख्यकारिका नै बढी प्रचलनमा रहेको र १६ औं शताब्दीसम्म आइपुग्दा वाचस्पति, गौडपाद, विज्ञानभिक्षु आदिले तत्सम्बन्धमा व्याख्याविवेचना गरेको पाइन्छ (भट्टराई, २०७४, पृ. ७१–७३)। यस दर्शनले प्रकृति र पुरुषको स्वरूप खोज्ने क्रममा पुरुषलाई चेतन, त्रिगुणहीन, ज्ञाता, अनेक, अभौतिक, अपरिवर्तनशील, नित्यतत्त्व, भोक्ताको प्रतीक मानेको छ भने प्रकृतिलाई अचेतन, त्रिगुणमयी, एक, ज्ञेय, असीम, अनादि, परिवर्तनशील, क्रियाशील, भोग्य ठानेको देखिन्छ (पन्त र प्रभात, २०७३, पृ.१७६–१७८)। परिवर्तनशील प्रकृतिका सत्त्व, रज र तम गरी तिनवटा गुण छन्। सत्त्वगुण ज्ञानको प्रतीक हो। यो स्वयं प्रकाशपूर्ण, हलुङ्गो र लघु हुन्छ। यसले अन्य वस्तुलाई पनि प्रकाशित गर्छ। यसका कारण मन तथा बुद्धिले विषयग्रहण र निरूपण गर्छन्। आनन्द, उल्लास, सन्तुष्टि, तृप्ति यसका कार्य हुन्। यो सुखको कारण पनि हो। सूर्यले पृथ्वीलाई आलोकित गर्नु र दर्पणमा प्रतिबिम्बको शक्ति देखिनु यसैको परिणाम हो। यसका कारण सबै किसिमका दुःखबाट उन्मुक्ति पाई व्यक्तिले मोक्ष प्राप्त गर्दछ। रजोगुण उत्तेजना र चञ्चलताको प्रतीक हो। यसले इन्द्रियहरूलाई गतिशील तुल्याई मनलाई सांसारिक विषयमा केन्द्रित गराउँछ। विषाद, चिन्ता, ग्लानि, असन्तोष, अतृप्ति आदि यसका कार्य हुन्। यो दुखको कारण पनि हो। यसमा व्यक्ति दम्भ, अहङ्कार, मोह, ईर्ष्या, क्रोध, द्वेष, मृगतृष्णा, आत्मसम्मान आदिका घनचक्करमा फसिरहन्छ, नाचिरहन्छ। तमोगुण निष्क्रियता, जडता, अपवित्रता, उदासीनता र कलङ्कको प्रतीक हो। यसलाई ज्ञानप्राप्तिको भार, अन्धकार, प्रमाद, लोभ, मोह आदिको कारक पनि मानिन्छ। यसमा सत्त्व र रजोगुणका विपरीत प्रवृत्ति रहन्छन् (आचार्य, २०७३, पृ.९२–९३)। यसले गर्दा व्यक्तिमा आलस्य, निद्रा, प्रतिशोध, अकर्मण्यता आदिको भाव जागृत हुन्छ। त्रिगुणात्मिकता प्रकृतिबाट महत् (बुद्धि), अहङ्कार, पञ्चतन्मात्रा (रूप, रस, गन्ध, स्पर्श, शब्द), इन्द्रिय (कर्मेन्द्रिय : वाक्, हस्त, पाद, पायु, उपस्थ तथा ज्ञानेन्द्रिय : चक्षु, घ्राण, जिब्रो, छाला, कर्ण एवम् उभयात्मक मन) पञ्चमहाभूत (पृथिवी, जल, तेज, वायु, आकाश) लगायत सम्पूर्ण जगत्को सृष्टि हुने हुँदा यस दर्शनलाई विकासवादी दर्शन पनि भनिन्छ।

### ४.३ सामग्री विश्लेषणको ढाँचा

प्रस्तुत आलेखमा साङ्ख्य दर्शनद्वारा प्रस्तावित त्रिगुणसम्बन्धी सैद्धान्तिक पर्याधार खडा गरी त्यसैका आधारमा शोधसमस्याअनुरूप *कर्तव्य* कथाका पात्रमा सत्त्व, रज र तम गुणसम्बद्ध पहिचानका साक्ष्यहरू खोजी तिनै साक्ष्यको विश्लेषण गरेर निष्कर्षमा पुग्ने ढाँचाको उपयोग गरिएको छ।

## ५. कर्तव्य कथामा पात्रमा अन्तर्निहित त्रिगुणको विश्लेषण

कथामा स्पष्ट रूपमा देखिने महत्त्वपूर्ण तत्त्व कथानक हो। यसमा घटनाको विविधता रहन्छ र त्यो विविधता कार्यकारण शृङ्खलामा उनिएको हुन्छ। कथाको घटनाक्रमलाई गतिशील तुल्याउने काम पात्रको हो। पात्रका विभिन्न क्रियाकलापका आधारमा घटनाहरू घटित हुन्छन्। कथामा विषयको प्रकृतिअनुसार  पात्रको चयन गरिन्छ।

*कर्तव्य* कथाका संरचनामा चारवटा खण्ड छन्। ती खण्डलाई सङ्ख्याद्वारा सङ्केत गरिएको छ। पहिलो खण्डमा छ, दोस्रो खण्डमा सात , तेस्रो खण्डमा २६ र चौथो खण्डमा नौ गरी सानाठूला

जम्मा ४८ अनुच्छेद छन्। यस कथामा पात्रहरू गङ्गाधर, मुरलीधर, श्रीधर, शशिधर र कमला हुन्। यीमध्ये गङ्गाधरको चारित्रिक क्रियाकलाप पृष्ठभूमिका रूपमा आएको छ भने बाँकी पात्रहरूको भूमिका मञ्चीय रूपमा नै रहेको छ। मुरलीधर र श्रीधर यस कथाका मुख्य पात्र हुन् भने कमला र शशिधर गौण भूमिका भएका पात्र हुन्। यस आलेखमा पूर्वीय साङ्ख्य दर्शनमा प्रयुक्त त्रिगुणसम्बन्धी वैचारिक दृष्टिकोणका आधारमा मुरलीधर, श्रीधर र कमलाका चारित्रिक कार्यव्यापारको मात्र विश्लेषण गरिएको छ।

### ५.१ मुरलीधर

मुरलीधरको शाब्दिक अर्थ जसले बाँसुरी धारण गर्छ भन्ने हो । यो नाम कृष्णको बालरूपसँग सम्बन्धित भएकाले यसले रूढार्थमा वृन्दावनविहारी श्रीकृष्णलाई नै जनाउँछ। यहाँ चर्चा गरिएका मुरलीधर गङ्गाधरका जेठा छोरा हुन्। श्रीमद्भागवत पारायण गर्ने, आफ्नो धर्म र संस्कृतिप्रति असीम श्रद्धा राख्ने र पुराण सुनाउने कार्य नै उनको अध्यवसाय भएकाले यो नाम सार्थक रहेको देखिन्छ। यस कथामा उनको भूमिका, कर्तव्यपरायणता  र कार्यव्यापार जनाउन सर्वप्रथम साक्ष्यहरू दिई ती साक्ष्यमा साङ्ख्यदर्शनका त्रिगुणतत्त्वको खोजी गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ :

> *मुरलीधर पण्डित थिए। सबेरै न्वाउँथे, आधा दिनसम्म पूजापाठ गर्थे। उनी आफ्नो धर्म र संस्कृति उपर असीम श्रद्धा राख्दथे। आफ्ना पिताझैँ उनी पनि अरूलाई सताउनु महापाप सम्झन्थे। मानिसहरू उनलाई जिल्लाका ठाढाटाढा ठाउँमा बोलाएर सप्ताह पुराण सुन्थे। उनी एउटा सच्चा ब्राह्मण थिए। धोती माथि लामू लबेदा, लबेदामाथि सेतो पटुका, शिरमा मखमलको रातो टोपी, काँधमा च्यादर, ललाटमा चन्दन, उनी सधैँ यही परिधानमा हिँड्थे। (खण्ड १, अनु. ५)*

यहाँ मुरलीधर नियमित स्नान, ध्यान, पूजापाठ गर्ने, धर्म र संस्कृतिप्रति आस्था राख्ने, पितापुर्खाका सदाचारको पालना गर्ने र परसेवाप्रति रुचि राख्ने व्यक्तिका रूपमा चिनिएका छन्। भेषभूषा, अध्यव्यवसाय, पठनपाठन, सत्कर्म र सद्व्यवहारका कारण उनमा तमोगुण र रजोगुण तिरोहित भई सत्त्वगुण उद्रेक भएको छ। काम, क्रोध, लोभ, मोह, अज्ञानताबाट मुक्त भई सद्व्यवहार र सत्कर्ममा संलग्न रहेकाले उनको चरित्रमा सत्त्व गुणका विशेषता रहेको पुष्टि हुन्छ ।

> *पैँतालीस दिनको काम सिद्धिएका भोलिपल्ट जिउनी खेतको निर्णयका निमित्त मुरलीधरले गाउँका मानिसहरूलाई बोलाए  ((खण्ड २, अनु. ३)।*

> *ग्रामसभा विसर्जित भएका अलि दिनपछि बाबुका अन्तिम आज्ञाको आधार लिएर मुरलीधरले अदालतमा नालिस दिए (खण्ड २, अनु. ४)*

यहाँ दिइएको अनुच्छेद (१) मा  गङ्गाधरको काजक्रिया र पैँतालिस दिनको कार्य समाप्ति पश्चात् बाबुको अन्तिम इच्छानुसार जिउनीको आधा हिस्सा आफूले पनि पाउनुपर्ने उद्देश्यबाट अभिप्रेरित भई मुरलीधरले गाउँका भद्रभलादमीलाई बोलाएर ग्रामसभा आयोजना गरेको देखिन्छ भने अनुच्छेद (२) मा उक्त सभाको निर्णय आफ्नो प्रतिकूल भएकाले उनी अदालतको शरणमा पुगेको पाइन्छ। धर्म, संस्कृति र सद्व्यवहारप्रति अनुरक्त भए पनि उनलाई धनसम्पत्तिप्रति पनि आशक्ति रहेको छ। त्यो आशक्ति अरूको सम्पत्तिमा नभई आफ्नै पैतृक सम्पत्ति त्यसमा पनि बाबुको अन्तिम इच्छाअनुसार "दुबै छोराले बराबर बाड्नू" भनेकाले अधिकार प्राप्तिका सन्दर्भमा देखिएको छ। तसर्थ धनसम्पत्तिको लालसा र मोह गार्हस्थ्य जीवनसँग सम्बन्धित भएकाले पनि मुरलीधरका चरित्रमा रजोगुणका भावहरू उद्रेक भएको पुष्टि हुन्छ।

*शशिधरलाई दुलाहाको रूपमा ताम्दानमा बसेको देखेर हर्षले मुरलीधरको गहभरि आँसु भो, मनमनमा भने – “कुलको जेठो सन्तान, मेरो पिण्डपानीको दाता ” (खण्ड ३, अनु. ४)।*

*त्यस पाजीलाई अँगालो हाल्न जान लागेको होइन कमला ! यहाँ बाबुबाजेको मानमर्यादा डुब्न लाग्यो। कुलमा जेठो सन्तानको बिहे, उसमाथि त्यत्रा घरानियाँ कुटुम्बको आँगनमा बरियाँत लैजानु छ। बाबुचाहिँ फलैचामा ओछ्यान लाएर लडिरहे। . . . घर गृहस्थीको यति ठूलो काममा घरको एक भाइ पनि नगए जोरीपारीले पनि के भन्लान् ? स्वर्गमा बसेका पितृहरूले के भनिठान्लान् ? (खण्ड ३, अनु. १३)*

उपर्युक्त अनुच्छेद (१) मा कुलको एकमात्र उत्तराधिकारी शशिधर बेहुलाको भेषमा ताम्दानमा बसेको दृश्य देखेपछि मुरलीधरले गहभरि आँसु बनाउनाको कारण वात्सल्य प्रेम नै हो। अनुच्छेद (२) मुरलीधर दम्पतीको संवादका ऋममा आएको हो। यहाँ घरगृहस्थीको पवित्र कार्यमा वैयक्तिक रिसलाई आधार बनाई नजाँदा स्वर्गीय पितापुर्खा एवम् जोरीपारीले पनि टीकाटिप्पणी गर्न सक्ने भएकाले मुरलीधर विवाह कार्यमा सरिक हुन चाहन्छन्। उनी कुलको जेठो सन्तानको विवाह, भाइको अनुपस्थिति, अल्लारे ठिटाहरूको सहभागिता, घरानियाँ कुटुम्बसँग गासिँदै गएको सम्बन्धलाई ध्यानमा राखेर भाइले नबोलाउँदा पनि कुल परम्पराको इज्जत र आफ्नो कर्तव्यबोध गर्दै विवाह कार्यमा सरिक हुन्छन् र सम्धीको भूमिका निर्वाह गर्छन्। यसबाट भाइसँग खास विषयमा अन्तर्विरोध भए तापनि त्यसलाई माध्यम बनाएर कुनै राग, द्वेष, ईर्ष्या नराखी आफ्नो कुल परम्पराको इज्जत र प्रतिष्ठा कायम राख्न उपस्थित भएको पाइएकाले यसबाट तमोगुण र रजोगुणका सट्टा उनका चरित्रगत कार्यव्यापारमा सत्त्वगुणका वैशिष्ट्य  रहेको देखिन्छ।

*“बिसेक हुन्छ बा हरेस नखाऊ। बाले आफ्नो जीवनमा अनन्य पुण्य गर्नुभएको छ। उहाँको त्यस महान् तपस्याका प्रभावले हाम्रो अनिष्ट कदापि हुने छैन। बरु अब यहाँका वैद्यको भर गरेर बस्नुभएन। तिमीलाई देशतिर औषधी गराउन लैजान्छु”। (खण्ड ४, अनु.७)*

यहाँ मुरलीधरले विभिन्न रोगबाट आक्रान्त भाइप्रति सहानुभूति राख्दै ढाडस दिने प्रयास गरेको देखिन्छ। पिताका महान् पुण्यका प्रभावले अनिष्ट नहुने कुरा गर्दै उनले भाइलाई विदेशतिर औषधी गराउन लैजाने प्रतिबद्धता व्यक्त गरेर ‘भाइ भए भरोस र गाई भए गोरस’ भन्ने उखानलाई सार्थक तुल्याइएका छन्। भाइले विगतमा आफूमाथि गरेका राग, द्वेष, अपमानजस्ता समग्र कुरा बिर्सी आफू दाजुभएको कर्तव्यबोध गर्दै उनले भाइको सेवा र उपचारमा संलग्न हुने प्रतिबद्धता जनाएका छन्। यसबाट मुरलीधरको चरित्रमा उदारता, मानवता, कर्तव्यपरायणता, भातृत्वबोध र निःस्वार्थ भाव जागृत भएकाले पनि सत्त्वगुण उद्रेक भएको पुष्टि हुन्छ।

प्रस्तुत कथाका चारवटै खण्डमा अन्तर्निहित मुरलीधरको भूमिका र कार्यव्यापार केलाउँदा उनको चरित्रमा तमोगुण र रजोगुण तिरोहित भई सत्त्वगुणको उद्रेक भएको देखिन्छ। यद्यपि दोस्रो प्रकरणमा जिउनी खेतको विषयलाई लिई गरिएको मुद्दामामिलाका घटनाबाट उनमा रजोगुण विकास भएको पनि पाइन्छ। यहाँ आत्मा परमात्माको चिन्तन, इन्द्रिय नियन्त्रण, सांसारिक विषयप्रतिको उदासीनता जस्ता विषयले प्रविष्टि पाएका छैनन्। तैपनि, कुलपरम्परा, इज्जतप्रतिष्ठा, कर्तव्याकर्तव्यको बोध, स्वधर्म र संस्कृतिको पालना गरिएकाले पनि मुरलीधरको चरित्रमा सत्त्वगुणको प्रभाव रहेको देखिन्छ।

### ५.२ श्रीधर

श्रीको अर्थ धनदौलत, समृद्धि, ऐश्वर्य, राजकीय सुख, सौन्दर्य, लक्ष्मी पनि हो। जसले धन, सम्पत्ति

आदिको धारण गर्छ वा सौन्दर्य बढाउँछ, त्यसलाई श्रीधर भनिन्छ। यो नाम धनसम्पत्तिकी देवी लक्ष्मीका श्रीमान् भगवान् विष्णुको वाचकका रूपमा रूढ छ। यस कथाका पात्र श्रीधर पनि धनसम्पत्तिका उपासक भएको, बाबुले अन्तिम अवस्थामा जिउनी खेत दुई भाइले बाँडेर खानू भने तापनि दाजुलाई नदिई एकलौटी उपभोग गरेकाले पनि उक्त नाम सार्थक रहेको देखिन्छ। यहाँ चयनीय साक्ष्यका आधारमा श्रीधरको भूमिका, कार्यव्यापार र घटित घटनालाई आधार बनाई पूर्वीय साङ्ख्य दर्शनका त्रिगुणसम्बन्धी तत्त्वको विश्लेषण गरिएको छ :

> *. . . श्रीधरचाहिँ राजनीतिक पार्टीका सदस्य र ग्राम विकासका प्रधान थिए। . . . उनले गरेका कुरा अशिक्षित ग्रामीण जनताहरू चौथाइ मात्र बुझ्दथे। पूजापाठ गर्नु, टीकाचन्दन लगाउनु दासत्त्वको चिह्न हो भन्थे। वीरगञ्जको अधिवेशनमा जाँदा गोरखपुरमा 'केलनर' को होटलभित्र पसेर केके–केके खाए भनी उनका साथीहरू भन्थे। उनी आफूलाई जिल्लाभरिको प्रमुख प्रगतिवादी सम्झन्थे। हातमा चन्दा बुक लिएर चन्दा माग्दै हिंड्थे। त्रासले भनूँ या आशले भनूँ जिल्लाका सानाठूला सबै मानिसहरूमा उनको निकै धाक थियो। जिल्ला—गाउँका मानिसहरू उनबाट अर्थोकमा भन्दा धनीहरूको अधियाँ बाली कब्जा गर्ने र साहूबिर्तावालहरूको लरलहना, झाराखेताला हडप्ने काममा विशेष सहायता पाउँथे। जिल्लामा उनी 'शर्माजी'का नाउँले प्रख्यात थिए। (खण्ड १, अनु. ६)*

यहाँ श्रीधरले पाठपूजा, टीकाचन्दन, सनातन संस्कृतिलाई दासत्त्वको पहिचान ठान्ने, आहारविहार भक्ष्याभक्ष्यको ख्याल नराख्ने, चन्दा असुल्ने, धनीहरूको अँधिया बाली कब्जा गर्ने, साहूबिर्तावालको लरलहना, झाराखेताला हडप्ने काममा सहयोग पुऱ्याएकै आफूलाई जिल्लाकै प्रगतिवादी नेता ठानेको पाइन्छ। यसबाट उनको कार्यव्यवहारमा भौतिकवादी, अराजकतावादी र सनातन धर्मसंस्कृति विरोधी प्रवृत्ति देखिन्छ। अहङ्कार, द्वेष, ईर्ष्या, घमण्ड, अहमन्यताजस्ता दानवीय प्रवृत्तिका कारण उनका चारित्रिक कार्यव्यापारमा तमोगुणको मात्रा अत्यधिक भएको पुष्टि हुन्छ।

> *जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो रोबरवाफ प्रशस्त जमाइराखेका थिए। भनेजस्तो भएन भने बजारमा द्वाङ फुकेर पर्चा बाँड्दै हिँड्थे। त्यसो हुनाले अदालतका डिट्ठाविचारीहरू श्रीधरसँग अलि झस्कन्थे। उसमाथि अदालतमा मामिलाको निरोपण हुँदा बकितम्लाई भन्दा लिखितम्लाई बर्ता महत्त्व दिने रीति छ। हरेक विवादमा ऐनकानुनकै आधार लिइन्छ। कानुन श्रीधरका पक्षमा थियो अन्त्यमा डिट्ठाविचारीले कानुनको आज्ञा पालन गरे। जिउनी श्रीधरले पाए, मुरलीधरको हार भो। (खण्ड २, अनु. ५)*

> *छोराको यति सानै उमेरमा बिहा गर्न त श्रीधरको मन थिएन। तर एउटी छोरीमात्र भएका धनी कुटुम्बले घरै आएर छोरी दिँदा उनी बडो असमञ्जसमा परे। उता आइमाईहरूले पनि बिहा गर्ने पर्छ भनेर करकर गर्न थाले। उनले आइमाईको हठलाई नाइँनास्ति गर्न सकेनन्। (खण्ड २, अनु. ७)*

अनुच्छेद (१) का अनुसार जनक्रान्तिपछि सत्ता र शक्तिको उन्मादमा मत्त श्रीधरको धाक, रवाफ र घमण्ड अड्डाअदालतका साथै कर्मचारीतन्त्रमा पनि फैलिएको, पदप्रतिष्ठा र धनसम्पत्तिको लालसा अत्यधिक रहेको, बाबुले जिउनी खेत दुई भाइले बराबरी बाँडेर खानू भने पनि एक्लै भोगचलन गरेको, धनलोलुप, कर्तव्यच्युत, वैषयिक मोहमा लम्पट रहेको देखिएको छ। त्यस्तै अनुच्छेद (२) पनि आफू बिरामी रहेको, छोराको उमेर सानो भए पनि धनी कुटुम्बकी एक्ली छोरीको विवाह प्रस्ताव

आउँदा श्रीधरले दिएको मन्जुरीमा पनि कुटुम्बको कुलघरानभन्दा पनि धनसम्पत्तिको आशक्ति बढी रहेको देखिन्छ। यसरी श्रीधरको भूमिका, कार्यव्यापार र घटित घटना हेर्दा भौतिक सम्पत्तिप्रति अत्यधिक आशक्ति राखेका कारण उनको चरित्रमा सत्व र रजोगुणका तुलनामा तामसी प्रवृत्तिकै बाहुल्य रहेको पुष्टि हुन्छ।

> *घरगृहस्थीको यति ठूलो चाडउत्सवमा दुई कान्लामाथि घर भएका आफ्ना सहोदर दाज्यूभाउज्यूलाई श्रीधरले बोलाएनन्। अरूलाई नभए पनि दाज्यूका दुईजना छोरीलाई त अवश्य डाक्नुपर्थ्यो। तिनीहरूलाई पनि डाकेनन् (खण्ड ३, अनु. २)।*

> *दुलही भित्र्याए पछि दाज्यू बिहेमा गएको, सबै कार्यविधिहरू आफ्नो कुलपरम्परानुसार राम्रो प्रकारसँग सम्पन्न भएको खबर श्रीधरले सुनेर गहभरि आँसु पारेर ठिटाहरूसँग सोधे, "दाज्यूलाई खानपिन त राम्ररी गरायौ के " (खण्ड ३, अनु. २५) ?*

माथिको अनुच्छेद (१) मा श्रीधरले छोराको बिहे कार्यक्रममा गाउँभरिका मान्छेलाई बोलाए पनि दुई कान्ला माथि घर भएका आफ्ना दाजुभाउजू र भतिजीलाई बोलाएको पाइँदैन। यसबाट उनमा अहङ्कार, ईर्ष्या, प्रतिशोध, अज्ञानताको मात्रा अधिक रहेको, कुलपरम्परा र इज्जत–प्रतिष्ठाको बेवास्ता गरेको देखिन्छ। तसर्थ घटित घटनाबाट उनको भूमिका इहलौकिक विषयवासनामै केन्द्रित रहेकाले रजोगुण र तमोगुणकै सेरोफेरोमै अल्मलिएको छ। त्यस्तै अनुच्छेद (२) मा आफूले नबोलाउँदा नबोलाउँदै पनि दाजु बिहेमा सहभागी भई कुलपरम्परा अनुसारका सबै कर्मविधि सम्पन्न गराएको खबर पाएपछि श्रीधरभित्र रहेको अहङ्कार, अन्धकार, अज्ञानता, लोभ र लालचको घैंटो फुट्छ। विगतका कार्यप्रति पछुतो मान्दै ठिटाहरूलाई दाजुको खानपिनको व्यवस्था सोधेबाट उनको चरित्रमा तमोगुण र रजोगुणको अवसान भई सत्त्वगुणको वीजाधान हुन पुगेको सन्दर्भ स्मरणीय छ।

> *बिहे सिद्धिएको एक महिनापछि . . . शशीधरले विस्तारविस्तार आएर मुरलीधरलाई ढोगिदियो र दलानको थाममा टाँसिएर भन्यो, "ठूला बा जिउनीको पिपले खेतमा हजुरलाई जताबाट मन पर्छ, नापेर आधाखेत कमाउनुहोस् अरे, बाले भनेर पठाउनुभा' को।" (खण्ड ४, अनु.१)*

> *मुरलीधरको . . . गोडामा समाउँदै श्रीधरले रुन्चे स्वरले भने, "दाज्यू अस्तिदेखि दम बढ्न थाल्यो। मलाई अब धेरै दिन बाँचुलाजस्तो लाग्दैन। मैले जीवनमा हजुरका प्रति धेरै अत्याचार गरेको छु। यस अज्ञानीको सबै अपराध क्षमा गरेर यी नाबालक छोराछोरीको शरण लिइदिनुहोला "। (खण्ड ४, अनु.६)*

माथिको अनुच्छेद (१) मा श्रीधरले जिउनीको पीपले खेतको आधा हिस्सा जताबाट मन पर्छ त्यतैबाट लिनुहोस् भन्ने सन्देश छोरामार्फत् दाजुसमक्ष पठाएको पाइन्छ। यस घटनाबाट उनमा अन्तर्निहित दाजुप्रतिको रागद्वेष, ईर्ष्या, प्रतिशोध, सम्पत्तिप्रतिको मोह केही शिथिल हुँदै गएको देखिन्छ। रोगाक्रान्त भएकाले देखिएको शारीरिक र मानसिक शिथिलता एवम् विगतका कार्यको पश्चात्तापले उनको चरित्रमा सत्त्वगुणको विकास विस्तारै हुँदै गएको छ। त्यस्तै अनुच्छेद (२) मा श्रीधरले दाजुका गोडा समाउँदै रुन्चे स्वरमा आफू दिन प्रतिदिन रोगले थलिँदै गएको, बाँच्ने आशा पनि क्षीण भएको, जीवनमा हजुरप्रति जाानेर वा नजानेर धेरै अत्याचार गरेको हुँदा आफ्ना सम्पूर्ण अपराध क्षमा गरी नाबालक छोराछोरीको हेरचाहका लागि अनुरोध गरेको देखिन्छ। यस अनुरोधबाट विगतमा आफूले गरेका कार्य अत्याचारपूर्ण र मर्यादाविपरीत भएकाले त्यस्ता कार्यप्रति क्षमा मागेका घटनाको वर्णन प्रस्तुत प्रसङ्गमा आएकाले यसबाट श्रीधरको भूमिका र कार्यव्यापारमा तमोगुण र रजोगुण तिरोहित हुँदै

सत्त्वगुणका विशेषता विकास हुँदै गएको स्पष्ट हुन्छ।

प्रस्तुत कथाका चारवटै खण्डमा श्रीधरको सक्रियता देखिन्छ। सुरुका दुई खण्डमा सनातन धर्म, संस्कृतिप्रति अनास्था गर्दै सत्ता र शक्तिका आडमा नाजायज फाइदा लिएकाले र नास्तिक प्रवृत्ति देखाएकाले उनको चरित्रमा तमोगुणका प्रवृत्तिहरू हावी भएका देखिन्छन्। तेस्रो खण्डमा आयोजित वैवाहिक कार्यमा दाजुभाउजूलाई उपेक्षा गरेका घटनाबाट उनको कार्यव्यवहारमा अहङ्कार र वैमनस्यको भाव सक्रिय रहेको अवस्थामा तमोगुण र रजोगुण एवम् नबोलाउँदा नबोलाउँदै पनि दाजु वैवाहिक कार्यमा सहभागी भई कुलपरम्पराको रीतिरिवाज पालना गरेको घटना पश्चात् विगतका कार्यप्रति पछुतो मान्दै श्रीधरले अन्तिम खण्डमा दाजुसमक्ष मागेको क्षमायाचनाबाट सत्त्वगुणको उपस्थिति देखापर्छ। यहाँ आत्मा, परमात्मा, जन्ममृत्यु, स्वर्ग–नर्कजस्ता विषयमा चिन्तन गरिएको छैन। लौकिक जीवनका सुखसमृद्धि, पश्चात्तापबोध र क्षमायाचना, कुलपरम्परा र मर्यादाबोधका कार्यबाट श्रीधरको चरित्रमा पनि सत्त्वगुणको प्रभाव रहेको पाइन्छ।

### ५.३ कमला

कमला धन एवम् श्रीसम्पत्तिकी देवी वाचक शब्दका साथै स्त्रीवाचक शब्द पनि हो। यसले रूढार्थमा विष्णुकी श्रीमती लक्ष्मीलाई पनि जनाउँछ। भगवान् विष्णुलाई कमलापति भनिएकाले यसको पुष्टि हुन्छ। यस कथामा चित्रण गरिएकी नारीचरित्र कमला कथावाचक मुरलीधरकी श्रीमती हुन्। उनी देवर श्रीधरको भूमिका र कार्यव्यापारबाट असन्तुष्ट रहेको कुरा तल दिइएका कथनबाट पुष्टि हुन्छ :

> *...पतिलाई लुगासुगा लाएर हिँड्न तम्तयार भएको देखेर कमलाले भनिन्, "यस्तो टट्यानपुर घाममा कता हिँड्न लाग्नुभाको, नि ?"*
>
> *"जन्त।"*
>
> *"जन्त ? नबोलाईकन त कुकुर पनि नजाओस्।"*
>
> *"ठीक भन्यौ, कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखत–मौका विचार गरेर आफैँ पनि जानुपर्छ।"*
>
> *"अँ, नबोलाईकन पनि जानुपर्छ। दाज्यूलाई बाबुले मर्ने बेलामा दिएको खेत पनि खोसेर खाने त्यस्ता असत्तीको ........।"*
>
> *"खाऊन्, आखिरमा त मेरो खाने पनि यिनै हुन्। मरेपछि खानुपथ्र्यो, जिउँदैमा खाए। त्यसको पाप धर्म उनैलाई छ।"*
>
> *"भो, म त मारे पनि जान दिन्नँ। उनलाई दाज्यूभाउज्यू नचाहिएपछि हामीले मात्रै किन अँगालो हाल्दै हिँड्ने ?" (खण्ड ३, अनु. ६–१२)*

यी अभिव्यक्ति मुरलीधर र निजकी श्रीमतीबिच श्रीधरले निम्ता नबोलाए पनि शशिधरको बिहेमा जानपर्ने र जान नहुने संवादका क्रममा आएका हुन्। यहाँ कमलाले शशिधरको बिहेमा जन्त जान चाहेका मुरलीधरलाई सम्बोधन गरी दाजुभाउजूको अपमान गर्ने, बाबुको अन्तिम इच्छा पूरा नगर्ने, कुलपरम्पराको ख्याल नगर्ने, छोराको बिहेमा निमन्त्रणा पनि नगर्ने श्रीधरको कार्यशैली अपमानबोधक भएकाले विवाहमा जान नहुने विचार राखेकी छन्। उक्त विचारको प्रस्तुतिमा आक्रोश, प्रतिशोध, ईर्ष्या, अपमानबोधको भाव झल्किएको हुँदा यसबाट उनको चारित्रिक कार्यकलापमा रजोगुणको मात्रा रहेको पुष्टि हुन्छ।

## ६. निष्कर्ष

गुरूप्रसाद मैनालीरचित *कर्तव्य* कथा आदर्शोन्मुख यथार्थवादी परम्पराको उत्कृष्ट रचना हो। उक्त कथामा गङ्गाधर, मुरलीधर, श्रीधर, शशिधर, कमलाजस्ता एकै घरपरिवारका सदस्य चरित्रका रूपमा आएका छन्। गंगाधरको भूमिका पृष्ठभूमिका रूपमा र अरू पात्रको उपस्थिति मञ्चीय रूपमा

रहेको छ। चार खण्ड र ४८ अनुच्छेदमा विभाजित प्रस्तुत कथाका चारवटै खण्डमा मुरलीधर र श्रीधरको कार्यव्यापार सक्रिय देखिन्छ भने कमलाको सक्रियता खण्ड तिनमा मात्र रहेको छ। पूर्वीय दर्शनपरम्परामा वेदलाई प्रमाण मान्ने दर्शनलाई षड्दर्शन भनिन्छ। साङ्ख्य दर्शन वेदप्रति आस्था राख्ने दर्शन हो। यसले जड प्रकृति र चेतन पुरुषलाई सृष्टिको मुख्य कारण मानेको छ। परिवर्तनशील प्रकृतिका सत्त्व, रज र तमोगुण रहेका र ती गुणको प्रभाव विवेच्य कथाका मुरलीधर, श्रीधर र कमलाका चरित्रमा पनि रहेको पाइन्छ ।

प्रस्तुत कथाका सुरुका दुई खण्डमा जिउनी खेतको विषयलाई लिई मुद्दामामिला गरेका घटनाबाट दाजु श्रीधरमा रजोगुणको आभास हुन्छ। सत्ता र शक्तिका आडमा नाजायज फाइदा लिने, कुलपरम्परा र भक्ष्याभक्ष्यको ख्याल नराख्ने, प्रतिपक्षी र राष्ट्रसेवकमा त्रासको वातावरण फैलाउने प्रयास गरेकाले श्रीधरको चरित्रमा तामसी प्रवृत्ति हावी भएको देखिन्छ। मुरलीधरको कार्यव्यापार केलाउँदा उनको चरित्रमा कुलपरम्परा, इज्जतप्रतिष्ठा, कर्तव्याकर्तव्यको बोध, स्वधर्म र संस्कृतिको पालना गरेकाले पनि तम र रज गुण तिरोहित भई सत्त्वगुणको प्रभाव रहेको देखिन्छ। त्यस्तै छोराको वैवाहिक कार्यक्रममा दाजुभाउजूलाई उपेक्षा गरिएका घटनाबाट अहङ्कार र वैमनस्यको भाव जागृत भएकाले श्रीधरको चरित्रमा रजोगुण एवम् नबोलाउँदा नबोलाउँदै पनि दाजु बिहेमा गएको घटनाबाट विगतका कार्यप्रति पछुतो मान्दै क्षमायाचना गरेका सन्दर्भले कथाको समाप्तिमा श्रीधर पनि सत्त्वगुणी भएको स्पष्ट हुन्छ। छोराको बिहेमा निमन्त्रणा पनि नगर्ने देवरको कार्यशैली अपमानबोधक भएकाले विवाहमा जान नहुने विचार राखेकी कमलाको प्रस्तुतिमा आक्रोशको भाव झल्किएको हुँदा यसबाट उनको चारित्रिक कार्यकलापमा रजोगुणको मात्रा रहेको पुष्टि हुन्छ। समग्रमा प्रतिपाद्य विषयवस्तु, पात्रका क्रियाकलाप, मुरलीधरले देखाएको उत्तरदायित्व, श्रीधरको पश्चात्ताप, भाइभाइको मिलन जस्ता घटनाशृङ्खलामा उनिएकाले *कर्तव्य* कथाका पात्रका चारित्रिक कार्यकलापमा तम र रजोगुणका तुलनामा सत्त्व गुणको मात्रा अधिक रहेको निष्कर्ष निकाल्न सकिन्छ।

## सन्दर्भ सामग्रीसूची


आचार्य, नारायणप्रसाद (२०७३), *पौरस्त्य दर्शनमा भौतिकवाद,* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान उपाध्याय, गोपीरमण, अनु. (२०७३), *षड्दर्शनसमुच्चय,* मूल लेखक : हरिभद्रसूरि, काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।

उप्रेती, गङ्गाप्रसाद, सयो. (२०७५), *नेपाली बृहत् शब्दकोश,* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।

गिरि, रामानन्द, अनु. (२०५५), *जनक–दर्शन,* अनुवादक : रामहरि तिमल्सिना, सानोठिमी : जनक शिक्षा सामग्री केन्द्र।

पन्त, दिनेशराज र प्रभात, विष्णु (२०७३), *दर्शनावली ४,* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।

प्रभात, विष्णु (२०७४), *दर्शनबोध,* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।

भट्टराई, पद्मप्रसाद (२०७४), *पौरस्त्य दर्शन एक चिनारी,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार।

भुसाल, बेदराम (२०६८), *नेपालमा प्रचलित दार्शनिक चिन्तनहरू,* काठमाडौं : नेपाल प्रज्ञा–प्रतिष्ठान।